म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१० मंगलबार, ३ चैत २०८२ ने. सं. ११४६ चिल्लागा 17 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**यौन हिंसाबाट बचौं र बचाऔं**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### मकवानपुरमा ग्यास वितरणप्रणालीलाई सहज बनाउन सरोकारवालाबीच छलफल

# शिवबुवा र नारायणी अटोलाई २४ घण्टे स्पष्टीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ मकवानपुरमा खाना पकाउने ग्यासको वितरणप्रणालीलाई व्यवस्थित र सहज बनाउन सरोकारवालाबीच छलफल भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीको अध्यक्षतामा बसेको बैठकमा ग्यासको सहज वितरण र अनुगमनका विषयमा छलफल भएको हो । प्रजिअ अधिकारीले व्यवसायीले आपतकालीन अवस्थामा मानवता, नैतिकता र इमान्दारितालाई बिर्सन नहुने उल्लेख गर्दै उपभोक्तासम्म ग्यास सहजरुपमा पुग्ने व्यवस्था गर्न आग्रह गरेका छन् । उनले ग्यास वितरण विवरण प्रशासनमा बुझाउन ग्यास उत्पादक तथा डिलरहरुलाई निर्देशन दिए ।




ग्यासको पारदर्शी वितरण सुनिश्चित गर्न ग्यास उत्पादक कम्पनीले डिलरलाई तथा डिलरले सबडिलरलाई पठाएको ग्यासको विवरण पनि दैनिकरुपमा प्रशासनलाई पठाउनुपर्ने बताए । मकवानपुर जिल्लामा कुनियत राखेर ग्यास लुकाउने, बढी मूल्यमा बिक्री गर्ने लगायत कार्य गरेको पाइएमा कार्वाही गरिने प्रजिअ अधिकारीले चेतावनी दिए । ग्यास अभावको गुनासो बढेपछि प्रशासनले नापतौल तथा उद्योग वाणिज्य कार्यालयसँग समन्वय गरी दुई टोली बनाएर संयुक्त अनुगमन गरेको थियो । प्रमुख प्रशासकीय अधिकृत गुणप्रसाद न्योपानेले अनुगमनका क्रममा केही स्थानमा ग्यास स्टक गरेर राखिएको र आधिकारिक दर्ता नभएका सबडिलरमार्फत् वितरण भइरहेको पाइएको बताए ।

ग्यासको माग उच्च भएपनि मकवानपुरमा ग्यासको चरम अभाव भैसकेको अवस्था नरहेको बताइएको छ । मकवानपुरमा ७० प्रसतशत भन्दा बढी ग्यास सप्लाई गर्दै आएको सहारा ग्यासले महिनामा करिब २८ हजार सिलिन्डर ग्यास माग हुने गरेकोमा फागुनमा मात्रै ३२ हजार सिलिन्डर माग भएको प्रबन्धक खड्गबहादुर थापाले बताए । हाल माग बढेपछि उत्पादन र वितरण दुबै बढाइएको उनले बताएका छन् । ग्यास व्यवसायी संघ मकवानपुरका निवर्तमान अध्यक्ष दिलिसगोविन्द जोशीले उपभोक्तासम्म सेवासहज बनाउन डिलरमार्फत सबडिलरको व्यवस्था गरिएको बताएका छन् ।

उपभोक्ता हितसंरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडाले केही क्षेत्रमा ग्यास बढी गएको र चाप भएका क्षेत्रमा कम पुगेको गुनासो आएको बताउँदै बिल काटेर पारदर्शीरुपमा बिक्री गर्न आग्रह गरेका छन् । बैठकमा संकटका बेला ग्यासको विकल्पकारुपमा विद्युत् प्रयोग बढाउन पनि सुझाव दिइएको थियो । जिल्लामा रहेका २२ वटा ग्यास डिलर तथा त्यस अन्तर्गत करिब ४ सय सबडिलर रहेका छन् ।

बैठकमा प्राथमिकता निर्धारण गरेर ग्यास वितरण गर्न आग्रह गरिएको छ । ज्येष्ठनागरिक, अशक्त व्यक्ति र डेरामा बस्ने विद्यार्थीलाई प्राथमिकतामा राखेर ग्यास वितरण गर्न आग्रह गरिएको थियो । सबै उपभोक्तालाई समान रुपमा वितरण गर्न तथा बिक्रीको स्पष्ट अभिलेख राख्नसमेत सरोकारवालालाई निर्देशन दिइएको छ । बैठकमा आन्तरिक राजस्व कार्यालय, ग्यास उत्पादन कम्पनी, ग्यास डिलर एसोसियसन, उपभोक्ता हित संरक्षण मञ्च, नेपाल पत्रकार महासंघ, मकवानपुर उद्योग वाणिज्य संघलगायतका निकायका प्रतिनिधिहरु सहभागी थिए ।

**शिवबुवा र नारायणी अटोलाई २४ घण्टे स्पष्टीकरण**

आयल निगमबाट पेट्रोल खरिद गरी संचय गरेर बिक्री नगर्ने २ वटा पेट्रोल पम्पलाई जिल्ला प्रशासन कार्यालय मकवानपुरले स्पष्टीकरण सोधेको छ ।

हेटौंडामा संचालित शिबवुवा आयल सेन्टर प्रालि र नारायाणी अटो ट्रेडलिंकलाई ईन्धनको मूल्यबृद्धि हुन्छ भन्ने सूचनाका आधारमा ईन्धन संचय गरी उपभोक्तालाई बिक्रीबितरण नगरेको भन्दै २४ घण्टाभित्र जबाफ पेश गर्न स्पष्टीकरण सोधिएको हो । दुईवटा पेट्रोल पम्पले पेट्रोल उपलब्ध हुँदा समेत डिजलमात्रै बिक्री गरी पेट्रोल बिक्री नगरेको जन गुनासो पछि मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी सहित जिल्ला सुरक्षा समितिका पदाधिकारीले अनुगमन गरेका थिए ।

शिववुवा आयल सेन्टरले ४ हजार लिटर र नारायणी अटो ट्रेडलिंकले ३ हजार लिटर पेट्रोल खरिद गरी संचय गरेको पाइएपछि प्रशासनले कारबाही प्रक्रिया अघि बढाएको हो । आइतबार नेपाल आयल निगमको डिपोबाट पेट्रोलियम पदार्थ उठाएका ब्यवसायीले रातको १२ बजेपछि निगमले बढाएको मूल्यमा बिक्री गरिरहेका छन् ।

# राष्ट्रिय परिचयपत्रको नम्बरबाटै स्वास्थ्य बीमा




साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/स्वास्थ्य बीमा कार्यक्रममा डिजिटल प्रणाली विस्तार गर्ने लक्ष्यसहित स्वास्थ्य बीमा बोर्डले राष्ट्रिय परिचयपत्र प्रणालीसँग सहकार्य सुरु गरेको छ ।

बोर्डले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समझदारी गर्दै स्वास्थ्य बीमालाई क्रमशः राष्ट्रिय परिचयपत्र (एनआईडी) नम्बरमा आधारित बनाउने तयारी गरेको हो । राष्ट्रिय परिचयपत्रमा रहेको विवरण र नम्बरलाई स्वास्थ्य बीमाप्रणालीमा आबद्ध गर्नेगरी दुई निकायबीच समझदारी-पत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरे र स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा.कृष्णप्रसाद पौडेलले हस्ताक्षर गरेका छन् ।

स्वास्थ्य बीमा बोर्डका सूचनाअधिकारी विकेश मल्लका अनुसार सहकार्यपछि स्वास्थ्य बीमाको दर्ता तथा नवीकरण प्रक्रिया क्रमशः अनलाइनमार्फत् गर्ने तयारी भइरहेको छ । मल्लका अनुसार बोर्डले चैत २५ गतेभित्र नयाँ दर्ता अनलाइन मार्फत गर्ने लक्ष्य राखेर गृहकार्य गरिरहेको छ । 'अब स्वास्थ्य बीमाको छुट्टै कार्डको सट्टा नागरिकको राष्ट्रिय परिचयपत्र नम्बरकै आधारमा सेवा दिने प्रणालीतर्फ जाने तयारी भइरहेको छ,' मल्लले भने । उनकाअनुसार एनआईडी प्रणालीसँग जोडिएपछि स्वास्थ्य बीमासम्बन्धी धेरै समस्या समाधान हुने अपेक्षा गरिएको छ ।

अहिले देशभरिबाट संकलन भएको राष्ट्रिय परिचयपत्रको डाटाबेससँग स्वास्थ्य बीमा कार्यक्रम जोडिँदा डाटा प्रमाणीकरण सहज हुने, दोहोरो दर्ता कमहुने र कार्डको दुरुपयोग घट्ने मल्ल बताउँछन् । हाल स्वास्थ्य बीमा कार्यक्रममा करिब एक करोड नागरिक आबद्ध भइसकेका छन् । तर, म्यानुअल प्रणालीका कारण कतिपय स्थानमा एउटै व्यक्तिको विवरण दोहोरिने, उमेर वा विवरण नमिल्ने तथा गलत प्रयोग हुने समस्या देखिएको मल्लले बताए । 'एनआईडी नम्बरको आधारमा प्रणाली जोडिँदा यस्ता समस्या धेरै हदसम्म नियन्त्रण हुन्छ,' मल्लले भने ।

उनका अनुसार डिजिटल प्रणाली विस्तार भएसँगै नागरिकले स्वयं अनलाइनमार्फत् स्वास्थ्य बीमामा आबद्ध हुने वा नवीकरण गर्ने सुविधा पाउनेछन् । भविष्यमा सेवा लिँदा बायोमेट्रिक प्रमाणीकरणसमेत लागूगर्ने योजना रहेको मल्ल बताउँछन् । नयाँ व्यवस्थासँगै स्वास्थ्य बीमाको दर्ता र नवीकरण प्रक्रियामा हुने झन्झट हट्नेछ । परिचयपत्रमा भएकै विवरणका आधारमा डिजिटल प्रमाणीकरण हुने भएकाले सेवाग्राहीले अस्पताल तथा सेवाकेन्द्रमा छिटो सेवा पाउनेछन् ।

## प्रत्यक्ष अनुभूति गर्ने सेवा दिन मन्त्री थापाको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले मन्त्रालयअन्तर्गतका महाशाखा प्रमुख तथा शाखाप्रमुखलाई शून्य सहनशीलताको नीति अपनाउँदै जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवाप्रवाह गर्न कडा निर्देशन दिएका छन् ।

मन्त्रालयमा आयोजित समीक्षा बैठकमा महाशाखा प्रमुखहरुले प्रस्तुत गरेको पछिल्लो प्रगति प्रतिवेदन बुझ्दै मन्त्री थापाले मन्त्रालयको वार्षिक योजनाअनुसारका काम कुनैपनि कारणले रोकिन नहुने स्पष्ट पारे । उनले विकास निर्माण, सेवा प्रवाह र नीतिगत कामलाई समयमै सम्पन्न गर्न सबै कर्मचारीलाई जिम्मेवार र उत्तरदायी बन्न आग्रह गरेका छन् । मन्त्री थापाले जनताले सरकारको काम प्रत्यक्षरुपमा महसुस गर्न सक्ने वातावरण सिर्जना गर्नु अहिलेको मुख्य आवश्यकता भएको उल्लेख गरे ।

'सरकारको काम कागजमा मात्रै सीमित हुन हुँदैन, जनताले दैनिक जीवनमा परिवर्तन महसुस गर्नुपर्छ,' उनले भने । मन्त्री थापाले सेवाप्रवाहमा ढिलासुस्ती, अनियमितता वा कुनैपनि प्रकारको लापरबाही स्वीकार्य नहुने स्पष्ट पार्दै कर्मचारीलाई पारदर्शिता, इमानदारी र उत्तरदायित्वका साथ काम गर्न निर्देशन दिएका छन् । बैठकमा प्रस्तुत प्रगतिविवरणका आधारमा आगामी दिनमा मन्त्रालयका कार्यक्रमलाई अझ प्रभावकारी बनाउने, रोजगारी सिर्जना गर्ने र यातायात क्षेत्रको व्यवस्थापनलाई थप व्यवस्थित बनाउने विषयमा छलफल भएको थियो ।

मन्त्री थापाले जनअपेक्षा र समयको मागअनुसार मन्त्रालयका कामलाई परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दै सबै तहका कर्मचारीलाई सक्रिय, समन्वयात्मक र जनमुखी ढंगले काम गर्न आग्रह गरे ।

## भौगोलिक समावेशितालाई ध्यानमा राख्दै नामफिर्ता लिएँः मन्दिरा मुक्तान



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ राजनीतिवृत्तमा पद प्राप्तिका लागि मरिहत्ते गर्ने प्रवृत्ति बढिरहेका बेला मकवानपुरकी मन्दिरा मुक्तानले भने प्राप्त अवसर नै त्यागेर फरक उदाहरण प्रस्तुत गरेकी छिन् ।

श्रमसंस्कृति पार्टीबाट प्रतिनिधिसभा सदस्यको समानुपातिक तर्फ आदिवासी महिला क्लस्टरमा पहिलो नम्बरमा नाम समावेश भएकी मुक्तानले सांसद नबन्ने घोषणा गरिन् । उनका नाम आदिवासी महिला क्लस्टरमा पहिलो नम्बरमा रहेपनि आदिवासी जनजाति समुदायबाट प्रत्यक्षतर्फ निर्वाचित सांसदमार्फत् प्रतिनिधित्व सुनिश्चित भइसकेको भन्दै आफूले अवसर त्यागेको बताइन् । सोमबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा श्रमसंस्कृति पार्टीकी केन्द्रीय सदस्य समेत रहेकी मुक्तानले भौगोलिक समावेशितालाई ध्यानमा राख्दै आफूले पाएको अवसर छाड्ने निर्णय गरेको बताइन् ।

उनकाअनुसार मधेश प्रदेश र कर्णाली प्रदेशको प्रतिनिधित्वलाई समेत समेट्न आवश्यक देखिएकाले समानुपातिक सांसद नबन्ने निर्णय लिइएको हो । आफूले पैसा लिएर उम्मेदवारी फिर्ता लिएको भन्ने आरोपसमेत आएको उल्लेख गर्दै मुक्तानले त्यो आरोप निराधार भएको बताइन् । पार्टीको हित र समावेशी प्रतिनिधित्वको भावना अनुसार स्वेच्छिकरुपमा नाम फिर्ता लिएको उनले बताइन् । मुक्तानको स्थानमा मधेश प्रदेशको धनुषाबाट मधेशी क्लस्टरअन्तर्गत रुबीकुमारी ठाकुर लाई समानुपातिक सांसदका लागि सिफारिस गरिएको छ ।

आफू प्रत्यक्ष निर्वाचन लड्न सक्ने क्षमता भएको बताउँदै मुक्तानले आगामी प्रदेशसभा वा स्थानीय तहको निर्वाचनमा प्रत्यक्ष प्रतिस्पर्धामा उत्रिने तयारी रहेको बताइन् । तीन महिनाको अवधिमा राष्ट्रिय पार्टी बन्न सफल भएको श्रमसंस्कृति पार्टीले सबै भूगोल र समुदायलाई समेट्नुपर्ने भएकाले यस्तो निर्णय लिइएको उनको भनाइ छ । पार्टीको दबाबभन्दा पनि आफ्नै इच्छाले उम्मेदवारी फिर्ता लिएको उनले दोहोऱ्याइन् । हेटौंडा-१९ की मुक्तान विगत एक दशकभन्दा बढी समयदेखि राजनीतिमा सक्रिय छिन् ।

यसअघि उनले करिब आठ वर्ष नेशनल मंगोल अर्गनाइजेशन पार्टीमा केन्द्रीय सदस्यकारुपमा काम गरेकी थिइन् । मकवानपुर जिल्लामा श्रमसंस्कृति पार्टीले समानुपातिकतर्फ प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट १ हजार ६ सय २४ र क्षेत्र नम्बर २ बाट १ हजार ४ सय ६७ मत प्राप्त गरेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# संकटमा हेटौंडा सिमेन्ट उद्योग

पछिल्ला वर्षहरुमा हेटौंडा सिमेन्ट उद्योगको अवस्था ओरालो लागेको छ । नाफामा जान नसकेपछि उद्योगमा चरम संकट पैदाभएको छ । आफ्ना पुराना पूर्वाधार बिक्री गरेर तलब खानुपर्ने अवस्थामा पुगेको छ । उद्योगको उत्पादन ठप्प छ र खर्च यथावत छ । सानो निर्णय गर्न पनि सरकारी संयन्त्रको झण्झटिलो प्रक्रियाका कारण उद्योगले आगामी दिनमा गति लिन सक्ने सम्भावना न्यून छ । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको उत्पादन पुनः सुरु हुने भनिए पनि उद्योग दीर्घकालीन संचालनको अवस्था देखिएको छैन । केही समयका लागि संचालन गरेजस्तो मात्र हुनसक्छ । उद्योगको आर्थिक अवस्था चरम संकटमा छ । सरकारी स्वामित्वका उद्योग, कलकारखाना ठप्प पार्ने र निजीक्षेत्रका ब्यवसायीलाई सुम्पने खेल पुरानै हो । यही पुरानै परम्परा कायम गर्ने पर्खाइमा रहेको हेटौंडा सिमेन्ट उद्योग आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर घाटामा चल्दै आएको छ । यो उद्योगको वार्षिक उत्पादन क्षमता प्रतिदिन ७ सय २२ टन हो ।

२०३३ सालमा एसियाली विकास बैंकको सहयोगमा स्थापना गरिएको यो उद्योगले उत्पादन गरेको सिमेन्ट उपभोक्ताले महिनौं पालो कुरेर लिने गरेका थिए । तर, क्षमताभन्दा कम परिमाणमा सिमेन्ट उत्पादन गरेका कारण उद्योगले सञ्चालन खर्च धान्न नसकेर बन्द हुन पुगेको छ । हेटौंडा सिमेन्ट उद्योगले कम परिमाणमा क्लिंकर उत्पादन भएकाले बन्द गर्नुपरेको तर्क गरेको छ । पैसा नहुँदा कोइला किन्न नसक्नु र पुराना मेसिन–उपकरण बारम्बार बिग्रिरहने कारण नियमित उद्योग चलाउन नसकिएको उद्योगको तर्क छ । उद्योग पूर्णक्षमतामा सञ्चालन गर्न हेटौंडा सिमेन्टले सरकारसँग १ अर्ब ९ करोड रुपैयाँ मागेको थियो । तर, सरकारले उद्योगको मागलाई पत्याएन । बरु, उल्टै निजीकरण गर्ने सूचीमा हालिदियो । हेटौंडा सिमेन्टले आव २०७४/७५ मा १६ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको थियो । लगत्तै अर्को आवमा १ करोड ५ लाख घाटामा गयो । आव २०७५/७६ मा २० लाख ८६ हजार ६ सय ६७ बोरा सिमेन्ट बेचेको उद्योगले १ अर्ब ६४ करोड आम्दानी गरेपनि १ अर्ब ६५ करोड खर्च गरेको थियो । त्यसैगरी २०७६/७७ मा उद्योगले १४ लाख ५५ हजार ९ सय ६ बोरा सिमेन्ट बेचेपनि २३ करोड ८२ लाख रुपैयाँ घाटामा गयो । २०७७/७८ मा १८ लाख ५३ हजार ७ सय ६४ बोरा सिमेन्ट बेच्दा पनि १७ करोड ४ लाख घाटा बेहोरेको हो । २०७८/७९ मा १० करोड ६९ लाख घाटा बेहोर्दा १६ लाख १३ हजार ९ सय ६४ बोरा सिमेन्ट बेचेको थियो । हेटौंडा सिमेन्ट उद्योगले २०७९/८० मा साढे २५ करोड रुपैयाँ घाटा बेहोरेको थियो । त्यसबेला सवा ९ लाख बोरा मात्र सिमेन्ट उत्पादन गरेको थियो ।

आव २०८०/८१ मा उद्योगले सवा ६ लाख बोरा सिमेन्ट उत्पादन गरेको थियो । ओरालो यात्रा सुरु भएको हेटौंडा सिमेन्ट उद्योग पूर्णक्षमतामा चलाउने दाबी उद्योगका अधिकारीहरुले गरिरहेका छन् । समयमै विद्युत महशुल तिरेको भए प्राधिकरणले लाइन काट्ने थिएन होला । उद्योगको क्लिङ्कर मेसिनलगायत उपकरणको मर्मतकार्य भइरहेको बताइएको छ । उद्योगका कामदार कर्मचारीको तलबभत्तासमेत भुक्तानी हुन नसकिरहेको उद्योगको वर्तमान जटिल अवस्थामा उत्पादन नै यस अवस्थाबाट उन्मुक्ति दिलाउने प्रमुख आम्दानीको स्रोत भएको उद्योग प्रशासनले बताएको छ । सबैको साथ र सहयोगबाट उद्योगमा सकारात्मक परिर्वतन ल्याउन सकिने उद्योगको अपेक्षा छ । उद्योगलाई जीवन्त राख्न सकिने भन्दै सहयोग गर्न उद्योग व्यवस्थापनको आग्रह छ । यसअघि पनि आर्थिक अभावका कारण उद्योग पटकपटक बन्द हुँदै आएको थियो । उद्योग बन्दहुने अवस्थामा पुगेपछि स्थानीय संघर्ष समितिले उद्योग संचालनका लागि आन्दोलन गरेका थिए । पुरानो मेसिनमा देखिएको समस्या र जनशक्ति अभावमा उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योगमा हाल एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेको बताइएको छ । केही समयअघि मात्र उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन उद्योगले रोपवे बिक्री गरेको थियो । उद्योगको कच्चापदार्थ आपूर्तिका लागि खानी क्षेत्रबाट उद्योगसम्म निर्माण गरिएको रोपवे लामो समयदेखि बन्द अवस्थामा रहेको थियो । उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोपवे बिक्री गरेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत ४ गते बुधबार १८ मार्च २०२६ । चतुर्दशी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:१३ सूर्यास्त ६:१३ । घोडेजात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **तुला** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| **वृष** | : आम्दानी राम्रो हुनेछ | **वृश्चिक** | : यात्रामा खर्च बढ्नेछ |
| **मिथुन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **धनु** | : मौकाको फाइदा लिन सकिनेछ |
| **कर्कट** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मकर** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **सिंह** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **कुम्भ** | : मुद्दा–मामिलामा विजयी भइनेछ |
| **कन्या** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मीन** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# बालेन–रविले स्टन्ट होइन सिस्टम पछ्याउन्



✍ प्रशान्त लामिछाने

लामो समयपछि नेपालमा राजनीतिले आशा देखाएको छ । जेनजी आन्दोलनपछिका ६ महिना सकसपूर्ण थिए । तर, योभन्दा अघिका वर्षहरूले पनि कुनै भरोसा दिन सकेका थिएनन् । त्यही आशा र भरोसा दिन नसक्दाको परिणाम सडकमा देखियो । सडकको विद्रोहलाई फागुन २१ को निर्वाचनले वैधानिकता दिएको छ । हुन त नेपालमा समय–समयमा परिवर्तन भइर हन्छन् । नागरिकले परिवर्तन खोजे, २०४६ को जनआन्दोलन भयो । नयाँ पुस्ताले सुनेको र जानेको यो ठूलो विद्रोह थियो । तर, त्यसबाट पनि सन्तुष्ट हुन नसकेकाहरू २०५२ सालमा सशस्त्र विद्रोह नै गर्न पुगे । जसको शान्तिपूर्ण अवतरण ०६२/६३ को जनआन्दोलनपछि भयो । यो बीचमा मधेस आन्दोलन, थरुहट र विभिन्न जनजाति आन्दोलनहरू भए । यिनीहरूले लोकतन्त्रको जगलाई मजबुत बनाए ।

मैले यहाँ इतिहासको फुर्को जोडेर सोध्न खोजेको प्रश्न के हो भने– के यी आन्दोलनहरू राजनीतिक परिवर्तनका लागि मात्र थिए ? हो, जसले यी आन्दोलनको नेतृत्व गरेका थिए, उनीहरूले यसलाई विकास र समृद्धिसँग जोड्न सकेनन् । नागरिकको जनजीविकासँग जोड्न सकेनन् । राजनीतिक क्रान्ति पूरा भएको भनिए पनि समृद्धिको यात्रा तय गर्न सकेनन् । समृद्धि र सुशासनविनाको राजनीतिक परिवर्तनले मात्र पुग्दैन भन्ने दृष्टान्तका रूपमा भदौ २३ र २४ को जेनजी विद्रोहलाई लिन सकिन्छ ।

'बर्लिनको पर्खाल ढलिरहँदा मानिसहरू कता दौडिरहेका थिए ?' हामीले यो कुरा धेरै सुन्दै आएका छौं, सत्य हो वा होइन थाहा छैन । तर, परिस्थितिलाई बुझाउन यो उदाहरण काफी छ । अर्थात्, जता समृद्धि छ, मानिसहरू उतै दौडिन्छन् ।

**निर्वाचनको नयाँ म्यान्डेट**

निर्वाचनले सानो छिद्र पनि नराखी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई दुईतिहाइ भन्न सकिने बहुमत दिएको छ। दुई सिट नपुग्दा पनि यसको ओज र शक्ति दुईतिहाइकै हो । किनभने, अब संसद्मा उसलाई काम गर्न छेकबार गर्ने अर्को कुनै शक्ति छैन । यसअघिका ठूला पार्टी र तिनका नेताहरू रक्षात्मक मात्र होइन, 'प्यारालाइज्ड' (पक्षाघातग्रस्त) भएका छन् । दोस्रो जनआन्दोलनपछिका दुई दशक राजनीतिक रूपमा निकै आरोह–अवरोहका रहे । पहिलो संविधानसभाको असफलतादेखि प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार बन्नुपर्ने अवस्था यही अवधिमा आयो । यही अवधिमा संविधान बन्यो भने माओवादी सेनाको नेपाली सेनामा समायोजन गर्ने महत्त्वपूर्ण काम पनि भयो ।

यी र यस्ता धेरै राजनीतिक काम भए तर नागरिकले चाहेको विकास, समृद्धि र सुशासनका काम भएनन् । जसले गर्दा आम मानिसमा 'फ्रस्टेसन' (निराशा) हुनु स्वाभाविक थियो । ०६४ सालको संविधानसभा निर्वाचनमा मतदाताले विद्रोही माओवादीलाई ठूलो पार्टी हुने गरी मत दिए । त्यतिबेला म भर्खर प्लस टु सक्दै थिएँ । म मेरै कुरा भन्छु– मलाई लाग्थ्यो, 'अब माओवादीले केही गर्छ, देशमा विकासको मूल फुट्छ।'

राम्रो पढाइ भएर पनि काम नपाएर हैरान भएका मेरा आफन्तहरू मैले देखेको थिएँ । मलाई लाग्थ्यो, 'अब उनीहरू हैरान हुनुपर्दैन ।' तर, नागरिकको हैरानी कम होइन, बढिनै रह्यो । पक्कै पनि २०४६ को परिवर्तनपछि नेपाली नागरिक ०६२–६३ को जनआन्दोलनपछिको परिणामले आशावादी बनेका थिए । तर, यी २० वर्ष कसरी गुज्रिए भन्ने हाम्रा अगाडि छर्लङ्ग छ । लोकतन्त्र स्थापनापछिको २० वर्षमा, फागुन २१ को निर्वाचन परिणामपछि नेपाली नागरिक तेस्रो पटक कुनै उम्मिद (आशा) का साथ उभिएका छन् । त्यो आशाको केन्द्र रास्वपा र त्यसको नेतृत्व बालेन–रवि हुन् । प्रधानमन्त्रीका रूपमा प्रस्तावित बालेन शाहप्रति हिमाल, पहाड र मधेसले एकैसाथ एकै प्रकारको मत दिएको छ । देशले एकैपटक सल्लाह गरेजस्तरी रास्वपालाई विश्वास दिएको छ । अब यो विश्वासलाई व्यवहारमा उतार्ने काम नयाँ सरकारको काँधमा छ । कुशासनले आजित नागरिकले यसपटक मत परिवर्तन गरेका हुन् । मेरो विश्वास छ– पटकपटकका राजनीतिक धोका र अविश्वासले गर्दा मानिसहरू अब कार्यकर्ताबाट स्वतन्त्र मतदातामा रूपान्तरण हुने दिशामा पुगेका छन् ।

**स्टन्ट होइन सिस्टम**

पुराना नेता र पार्टी बेलगाम कुशासनमा रमाए । जसका कारण विभिन्न अनियमितताका काण्डहरू घटे । बालुवाटार जग्गा काण्ड, गिरीबन्धु टी–इस्टेट काण्ड, नेपालीलाई भुटानी बनाएर अमेरिका पठाउने काण्डमा सरकारका गृहमन्त्री, पूर्वमन्त्री र बहालवाला सचिव नै सामेल हुनु, वाइडबडी, यती, ओम्नीजस्ता काण्डैकाण्ड सरकारी संरक्षणमा भए । विगतमा यस्ता अनियमितता हुनु 'नियमितता' जस्तै हुन थालिसकेको थियो ।

अब बन्ने शक्तिशाली सरकारले यस्ता भ्रष्टाचारका फाइल खोलेर अघि बढ्नुपर्नेछ। तर, फाइल खोल्दै गर्दा र अन्य काम गर्दै गर्दा स्टन्टमा आधारित होइन, सिस्टम (प्रणाली) मा केन्द्रित हुनुपर्छ । अनियमितता बन्द गर्न र सुशासनका लागि यस्तो सिस्टम बनाउनुपर्नेछ, जसले गर्दा यसपछि जसको सरकार बने पनि सिस्टमले आफैं 'इन–आउट' गर्न सकोस् । होइन भने, दुई–चार भ्रष्टाचारका फाइल खोलेर मात्र केही हुनेवाला छैन ।

व्यक्तिप्रधान बन्ने होइन, सिस्टमप्रधान बन्ने थिति बसाल्नु यो सरकारको मुख्य जिम्मेवारी हो । स्टन्टले क्षणिक रूपमा 'वाहवाह' त पाउला, तर यसले आम नागरिकलाई दीर्घकालीन समाधान दिँदैन । सरकारले हरेक क्षेत्रमा विधिले काम गर्ने सूत्र बसालिदिनुपर्नेछ, जसले गर्दा 'पहुँच भएको' र 'आम मानिस' भन्ने फरक नपरोस् ।

**केही साना कुरा, जसले दैनिक प्रभाव पार्छन्**

एउटा सानो तर मानिसलाई दैनिक प्रभावित गरिरहने कामको उदाहरण दिन्छु। एक वर्षअघि मैले मेरो सवारीसाधन नामसारी गर्नुपर्ने भयो । मेरो सवारी बागमती प्रदेशमा दर्ता थियो तर उक्त सवारी अर्को प्रदेशमा प्रयोगमा थियो । अर्को व्यक्तिलाई बिक्री गरेर नामसारी गर्नका लागि सवारीसाधन काठमाडौं लिएर आएर दिनभर को लामो लाइनमा बस्नुपर्ने भयो । समयको अभाव र खर्चका कारणले त्यो गर्न सकिएन ।

तर, विदेशमा मैले सवारी किन्दा यही काम दुई जनाको मोबाइलमा रहेको एउटा एपमा डाटा इन्ट्री गर्दा केही मिनेटमै सम्भव भयो । हो, यस्ता सामान्य लाग्ने तर नागरिकले ज्यादै दुःख पाउने कुरा हाम्रो संयन्त्रमा भइरहेका छन् । कहींकतै एउटै काम सजिलै भएको कति नेपालीले आफैंले अनुभव गरेका छन् भने कतिले देखे–सुनेका छन् । अनि प्रश्न उठ्नु स्वाभाविक हो– हाम्रोमा किन यस्तो हुँदैन ?

सवारीचालक अनुमतिपत्र निकाल्न हुने महाभारत अर्को कुरा भयो । यसलाई सुव्यवस्थित बनाउँदा सडक पनि सुरक्षित हुन्छ । सडक सुरक्षामा ध्यान दिनु अर्को महत्त्वपूर्ण कुरा हो । किनभने, मानिस सधैं सडकमा हुन्छ । ट्राफिक लाइट, स्पिडिङ र ट्राफिक अनुशासनका लागि सरकारले विधि बसाल्नैपर्छ । धारामा २४ घण्टा पानी नआउने समस्या त पुरानै हो । तर, आएको समयमा स्वच्छ पानी पठाउन के गर्न सकिन्छ ? सरकारले प्रमुख रूपमा सोच्नुपर्छ । यदि धारामा आएको पानी ग्लासमा सिधै थापेर पिउन सकियो भने, विकास भनेको यही होइन र ? जब कि जारको पानी पनि उमालेर पिउनुपर्ने अवस्थामा हामी छौं। लोडसेडिङबाट मुक्त भएजस्तै यो समस्याबाट पनि नेपाली मुक्त हुन चाहन्छन् ।

सरसफाइका काम हुन त नगर पालिकाको कार्यक्षेत्रमा पर्छन्। तर यो कति भएको छ ? यो सबैले देखेकै छौं। फोहोरको वर्गीकरण गरेर व्यवस्थापन गर्ने भनिए पनि त्यो हुन सकेको छैन । देशभर फोहोरको वर्गीकरण गरेर सरसफाइमा ध्यान दिन जरुरी छ । सार्वजनिक शौचालयमा निर्धक्क पस्न सकियोस्, सार्वजनिक धारामा ढुक्कले पानी पिउन सकियोस्– यस्ता कुराले मानिसको जीवनस्तरमा अवश्य प्रभाव पार्छन् । सहरी सुन्दरतामा पार्क र हरियाली अर्को महत्त्वपूर्ण कुरा हो । सानासाना खाली जमिनलाई पनि गार्डेनिङ गरेर सुन्दर स्वरूप दिन सकिन्छ । कहीं न कहींबाट सुरुवात गरौं ।

शिक्षा र स्वास्थ्यमा गर्नुपर्ने धेरै काम छन् । ती काम जसरी पनि गर्नैपर्छ । नागरिकलाई शिक्षा र स्वास्थ्यको ग्यारेन्टी संविधानमा मात्र गरेर हुँदैन, व्यवहारमै लागू गर्नुपर्छ । स्वास्थ्य बिमालाई कसरी सरल बनाउन सकिन्छ भन्ने गृहकार्य हुनैपर्छ, जसले गर्दा उपचार खर्च नभएर मानिस तड्पिन नपरोस् । शिक्षा पाएको व्यक्तिले रोजगारी पाउने नेपाल हामीलाई चाहिएको छ । शैक्षिक बेरोजगार हटाउन शिक्षाको पुनर्संरचना गर्नुपर्ने हो कि जब मार्केट 'श्रम बजार'लाई विस्तार गर्नुपर्ने हो? यसमा अनुसन्धान गरौं । अध्ययनमा विविधता ल्याऔं । एकेडेमिक र भोकेसनल 'व्यावसायिक' शिक्षामध्ये कता जाने भन्ने कुरा विद्यार्थीले हाइस्कुल सक्दा नै छुट्याउन सकून् ।

सरकारले अबको पाँच वर्ष काम मात्रै गर्नुपर्नेछ । कामबाहेक अर्को कुरा सोच्ने फुर्सद सरकारसँग छैन । किनभने, काम गर्नका लागि ठूलो मैदान खाली छ र दौडिँदा अवरोध गर्ने कोही छैन । नागरिकले लोकतन्त्र स्थापनापछि २० वर्ष कुरे । यो २० वर्षमा पटकपटक मत परिवर्तन गरे । कांग्रेस, कम्युनिस्ट सबैलाई आफ्नो जनमत दिए । तर सोचेजस्तो केही भएन । अहिलेको परिवर्तन कुनै पार्टीलाई ठूलो बनाउन वा कसैलाई प्रधानमन्त्री बनाउनका लागि नागरिकले गरेका होइनन् । आफ्नो जीवनस्तर विश्वस्तरको बनाउन यो मत दिएका हुन् भन्ने बालेन–रविले बुझ्न जरुरी छ । यदि सोचेजस्तो भएन भने, यसअघि २० वर्ष कुरेका नागरिकलाई ५ वर्ष कुर्न पनि बढी हुन सक्छ । दुईतिहाइ भनेको सहज मात्र होइन, जोखिमपूर्ण बहुमत पनि हो ।

*(साभार: अनलाइनखबर)*

# दुष्प्रचार र मिथ्या सूचना– बन्दुक र तरबार

✍ कपिल काफ्ले

प्रतीक्षाका प्रधानमन्त्री बालेन्द्र साहलाई भारत, पाकिस्तान र भुटानका प्रधानमन्त्रीहरुले डिजिटल सञ्चारमाध्यमबाट बधाई दिए । बालेनले जबाफ पनि सोही माध्यमबाट फर्काए । दुई देशका सम्बन्ध बन्ने र बिग्रने कारण पनि डिजिटल माध्यम हुन सक्दोरहेछ भन्ने प्रमाणित भयो । त्यसैले प्रसन्नता मात्र बढेन, डर पनि बढ्यो । डर किन बढ्यो भने, यस्ता माध्यमको दुरुपयोग भयो भने दुई देशको मित्रता दुश्मनीमा परिणत हुन पनि समय लाग्ने रहेनछ । देश–देशबीचको कूटनीति बिग्रिने रहेछ । यो आफैंमा गम्भीर विषय भएन त ?

समय कस्तो आयो भने, डिजिटल माध्यमलाई जसले सदुपयोग गऱ्यो उसले प्रतिनिधिसभामा दुई तिहाइ बहुमत ल्यायो, जसले त्यसो गर्न सकेन उसको हरिबिजोग पराजय भयो । राष्ट्रिय स्वतन्त्र पार्टी दलीय संगठनको इतिहास नभए पनि डिजिटल माध्यमलाई सदुपयोग गरेका कारण आज एकमना सरकार बनाउने अवस्थामा पुगेको छ । नेकपा एमाले जसले डिजिटल माध्यमलाई साइबर सेना खडा गरेरै वशमा पारेको छु भन्ने ठानेको थियो, उसले सही बाटो समाउन सकेको रहेनछ, सामाजिक सञ्जाललाई सदुपयोग गर्न सकेको रहेनछ । उसले आफ्ना अध्यक्ष केपी शर्मा ओलीका बोलीहरु जति प्रचार गऱ्यो, त्यसमा जति लाइक र कमेन्ट बढायो उति ऊ अलोकप्रिय हुन पुग्यो, किनभने अध्यक्ष ओलीको अधिनायकवादी चरित्र, खलनायकी अभिमान र भयानक पदलोलुपताको प्रचार भयो ।

अध्यक्ष ओलीको कमजोर पक्ष उजागर भइरहेको साइबर सेनाले पत्तै पाएन । सामाजिक सञ्जालमा अध्यक्ष ओलीका जति भिडियो आए, ती सबै एमालेका लागि घातक र नयाँ शक्ति रास्वपाका लागि फलिफाप साबित भए । ओलीले भुक्किएरै भए पनि सहिष्णुता र सद्भावका शब्दहरु अवश्य बोलेका थिए होलान्, तर साइबर सेनाले त्यसलाई उजागर गर्न जानेन । नेपालमै श्रीराम जन्माउने ओली रामजीकै बाटोमा लागेर सुनको मृगको पछि–पछि दौडिन थालेपछि सत्तारुपी सीताको अपहरण नहुने कुरै थिएन ।

रास्वपाले आफैं आश्चर्यमा पर्ने गरी जो मत हासिल गऱ्यो, त्यो उसका हरेक उम्मेदवार एकसेएक सक्षम भएकाले होइन । परीक्षामै नबसेका उम्मेदवारलाई कसरी सक्षम भन्न सकिन्थ्यो र ! तर, केपी ओली र अन्य पुराना राजनीतिक दलका नेताहरुको छवि दिन–प्रतिदिन अधिनायकवादी, अनुदार र घमण्डी देखिएका कारण मतदाताहरु रास्वपातिर लागेका हुन् । खासगरी बालेनको व्यवहार, शैली र भ्रष्टाचारविरोधी अडानप्रति आम जनता मोहित भए । १४ वर्ष जेल बसेबापत त्यसको दुगुना २८ वर्ष ओलीलाई नेतृत्वको शिखरमा राखे, प्रधानमन्त्री बनाए । उनलाई नोक्सानमा पारेर जनताले गलहत्याएका होइनन् । हिसाब गरेर हेर्दा पुराना दलहरु लाभमै छन्, देश र जनताले नोक्सान खेप्नुपऱ्यो, त्यो बेग्लै कुरा हो ।

प्रतीक्षाका प्रधानमन्त्री बालेनले परिस्कृत राजनीतिक संस्कार देखाएका छन्, पुराना दललाई गाली नगर्ने, आफ्ना कार्यक्रम प्रस्तुत गर्ने, नमस्कार गरेर मञ्चबाट ओर्लने । एक स्थानीय निकायका मेयर बालेनलाई ओली र उनको पार्टीले कति खेदेको थियो, सरकारमा रहँदा बालेनले भनेको प्रमुख प्रशासकीय अधिकृतसम्म नदिएर हेप्नसम्म हेपेको होइन ! झापा विद्रोहबाट बनेका, १४ वर्ष जेलमा जमेका र लामो राजनीति गरेका प्रधानमन्त्री ओलीले नातिसरहको बालेनमाथि ज्यादती गरेको होइन ! यस्तै ज्यादती रवि लामिछानेमाथि पनि भएका कारण जनताले त्यसको उपचार दिए, निर्वाचनमा भारी मतले विजयी गराए । अति गर्नु, अत्याचार नगर्नू भन्ने उखान 'उखाने बा' ओलीलाई किन स्मरण भएन !

डिजिटल माध्यममै केन्द्रित भएर विश्लेषण गर्दा, निर्वाचन आचारसंहिता, २०८२ लाई हेर्नुपर्ने हुन्छ । आचारसंहितामा दुष्प्रचार (डिस इन्फरमेसन), द्वेषपूर्ण अभिव्यक्ति (ब्लेमिङ/हेट स्पीच) र मिथ्या सूचना (मिस इन्फरमेसन) का बारेमा प्रकाश पारिएको छ । यस पंक्तिकारले नेपाल प्रेस इन्स्टिच्युटको प्रतिनिधित्व गर्दै आम निर्वाचन पर्यवेक्षण समिति (जियोक)मा रहेर निर्वाचन पर्यवेक्षण गर्दा देखेको सत्य के भने, विगत वर्षहरुको तुलनामा यसपटक नेपाली मतदाताहरुले आचारसंहिताको पालना उत्कृष्ट गरे । मतदानमा लोकतान्त्रिक संस्कार देखाए । कति ठाउँमा मतदान अधिकृतदेखि कर्मचारीहरुसमेत मिलेर अनुपस्थित मतदाताको मत खसालेको जानकारीमा आए पनि तुलनात्मकरुपमा त्यस्ता घटना नगण्य थिए । यसपटक उम्मेदवारको भोजभतेर पाइएन, पैसा बाँडेको सुनियो तर देखिएन, बाहिर–बाहिर दबाबमा रहेका पार्टीका कार्यकर्ताले पनि गोप्य मतदान गर्दा उचित निर्णय लिए । यसबाट भोलिका निर्वाचनहरुमा उम्मेदवारलाई भोज खुवाएर र खर्च दिएर चुनाव जितिन्न भने पाठ सबैले सिक्ने भए ।

यसपटक डिजिटल दुनियामा दुष्प्रचार (डिस इन्फरमेसन)को भने बाढी नै आयो । एआईको प्रयोग गरेर र नक्कली आईडी बनाएर धेरैले आचारसंहिता उल्लंघन गरे । फेसबुकजस्ता सामाजिक सञ्जालहरु दुष्प्रचारले भरिएका थिए । आफूलाई महामानव ठान्ने ओलीले बालेनलाई 'तेली' भन्ने, तराईका केही जिल्लावासीलाई 'पछौटे' भनेर द्वेषपूर्ण अभिव्यक्ति दिनेबाहेक जाति, सम्प्रदाय, धर्म, क्षेत्र, पेसा आदिका आधारमा गाली गर्ने काम खासै भएन । सूचना प्रदायक नै अनभिज्ञ भएका कारण गलत सूचना सम्प्रेषण गरिएका मिथ्या सूचनाका उदाहरण पनि धेरै भेटिएनन् । सर्वाधिक परिमाणमा भेटिएका र आम नागरिकलाई भ्रममा पारेका डिजिटल दुनियाका जानकारीहरु दुष्प्रचारकै उदाहरण थिए ।

निर्वाचन आयोगले निर्वाचनमा स्वच्छता होस्, स्वतन्त्र ढंगले मतदान गर्न सकियोस्, निर्वाचनसम्बन्धी व्यवस्था सबैका लागि समान वा पक्षपातरहित होस्, पारदर्शिता, मितव्ययिता र निर्भयताको वातावरणमा मतदान गर्न सकियोस् भन्ने उद्देश्यका साथ आचारसंहिता जारी गरेको हो । तर, दुष्प्रचारका कारण एकसाथ अनेक उद्देश्यहरु असफल भए । फागुन १९ गते, मतदानको दुई दिनअघि प्रकाशित गोरखापत्रका अनुसार आयोगद्वारा राजनीतिक दल, उम्मेदवार र संस्थाहरुसमेतलाई २३ थान स्पष्टीकरण सोधेको थियो । यसमध्ये १२ वटाको मात्र जबाफ आयोगले पायो । आयोगले नियामक निकायहरुसँगको सहकार्यमा सूचना सदाचार एकाई गठन गरेर डिजिटल माध्यममा दुष्प्रचार भएका सामग्रीलाई पहिचान र नियन्त्रण गर्ने काम भएको दाबी गऱ्यो । १८ फागुनसम्म १२० वटा दुष्प्रचारका कन्टेन्ट क्रिएटर पहिचान गरी कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्यूरोमा लेखी पठाएको देखिन्छ । प्रस्ट छ, यस्ता गलत सामग्रीका उत्पादकहरु विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनबमोजिम कारबाहीका दायरामा पर्न आउँछन् । यस्तै, ६ वटालाई दूरसञ्चार प्राधिकरण ऐनबमोजिम आवश्यक कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको र १५ वटालाई प्रेस काउन्सिल ऐनबमोजिम कारबाहीका लागि प्रेस काउन्सिल नेपालमा पठाइएको देखिन्छ ।

यसै गरी, ३४ वटालाई निर्वाचन आचारसंहिता २०८२ बमोजिम कारबाहीका लागि केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको देखिन्छ । तर, यसरी पत्राचार गर्नासाथ आयोगले दुष्प्रचार वा मिथ्या सूचनाका स्रोत–व्यक्ति वा संस्थालाई कारबाही गरेको सूचीमा त चढाउँछ तर दोषीहरु प्रायः दण्डहीनताकै मजा लिइरहेका हुन्छन् । बढीमा त्यस्ता कन्टेन्टहरु सामाजिक सञ्जालबाट झिकिएका हुन्छन् । आयोगले दैनिक सूचना विश्लेषण गरी कारबाहीका लागि सिफारिस गरेको सन्दर्भ सकारात्मक छ । तर, सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि लेखी पठाएको प्रक्रियालाई नै कारबाही भएको मान्न सकिन्न । माघ ४ गते रातिदेखि आचारसंहिता लागू भएसँगै आयोगले कार्यान्वयन अनुगमन र नियमनको प्रक्रियालाई सँगै अघि बढाएको थियो । मौखिक, लिखित तथा विद्युतीय माध्यमबाट पनि आचारसंहिता उल्लंघनमा उजुरी दिन सक्ने व्यवस्था आयोगले गरेका कारण उजुरीको संख्या बढ्नुपर्ने हो, तर 'उजुरी गरे पनि के हुन्छ र !' भन्ने सोचले हुन सक्छ, दुष्प्रचारका डिजिटल सामग्रीका तुलनामा उजुरी खासै परेको होइन ।

यद्यपि यसपटकको निर्वाचनमा उजुरीका लागि थप प्रयास भएको भने देखिन्छ । जिल्ला निर्वाचनको कार्यालयमा परेका उजुरीलाई पनि 'रियल टाइम' मै केन्द्रले पनि प्राप्त गऱ्यो । आचारसंहिता उल्लंघनको कुनै उजुरी जुन समयमा जिल्लामा आयो सोही समयमै केन्द्रले पनि त्यो जानकारी पायो । 'रियल टाइम' मै कारबाही हुन सक्ने अवस्था भयो । अर्को कुरा डिजिटल उजुरीलाई तत्काल फर्वार्ड गरेर कारबाही गर्ने निकायमा पनि पठाउन सकियो । आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) का पर्यवेक्षक साथीहरु भन्दै थिए– एक उम्मेदवारले भेस्टमा आफ्नो फोटो टाँसेर प्रचार गर्न थालेछन्, कुनै सचेत नागरिकले एक क्लिक फोटो खिचेर जिल्ला निर्वाचन कार्यालयमा पठाइदिए, तत्कालको तत्काल आयोगले छापा माऱ्यो, भेस्टहरु सिज गऱ्यो । उजुरी र कारबाहीमा पनि डिजिटल माध्यमले अभूतपूर्व सहयोग पुऱ्याएको देखियो ।

आयोगका अनुसार बाँके, कालीकोट, पाल्पा, गुल्मीलगायतका जिल्लामा सभा–सम्मेलन रोकिएको, आचारसंहिता विपरीत हुने प्रचारका कार्यक्रम रोकिएको, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालालाई साझेदार बनाई काम गरिएको थियो । निर्वाचन आचारसंहिताअनुसार ७७ वटै जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत आयोगले तोक्यो । आयोगले पहिलोपटक दल र उम्मेदवारलाई निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्न लगायो । आयोगको पत्राचारअनुसार राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई खाता खोल्ने व्यवस्था मिलाउन परिपत्र पनि गऱ्यो । यद्यपि खाता खोल्ने निर्देशनलाई राजनीतिक दल र उम्मेदवारहरुले प्रायः पालना गरेको भने पाइएन ।

निष्कर्षमा डिजिटल प्रविधि एक औजार हो, यसको सदुपयोग गर्ने कि दुरुपयोग, हाम्रै हातमा छ । सामाजिक सञ्जालमा ठीक किसिमले प्रचार–प्रसार गरेका कारण उम्मेदवारहरुले निर्वाचनमा विजयको माला पनि पहिरिए भने, यसको सदुपयोग गर्न नसक्नेहरु पराजित भए । पराजयका अरु पनि अनेक कारण हुन सक्छन्, तर यसपटक एउटा मुख्य कारण डिजिटल माध्यम देखियो ।

*(साभार: न्यूज अफ नेपाल)*

# सार्वजनिक ऋणको चक्रव्यूह: नयाँ ऋण काढ्दै पुरानो तिर्दै

काठमाडौं/सरकारले चालु आर्थिक वर्ष (२०८२/८३) को ८ महिना (साउन-फागुन)को अवधिमा ३ खर्ब ४६ करोड रुपैयाँ बराबर सार्वजनिक ऋण परिचालन गरेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (पीडीएमओ)का अनुसार यस अवधिमा सार्वजनिक ऋणको साँवा तथा ब्याज भुक्तानीमा २ खर्ब ४२ अर्ब २६ करोड रुपैयाँ खर्च भएको छ । अर्थात् सरकारले यस अवधिमा लिएको कुल सार्वजनिक ऋणको ८०.६२ प्रतिशत रकम पुरानो ऋणको साँवा तथा ब्याज भुक्तानीमा खर्च भइरहेको छ । जसलाई विज्ञहरू सार्वजनिक ऋणको चक्रव्यूह मान्छन् । सरकारले ८ महिनाको अवधिमा राजस्व परिचालन लक्ष्यको ८२.६० प्रतिशत मात्र गर्न सकेको छ ।




उठेको राजस्व मुस्किलले चालु खर्च सञ्चालनका लागि मात्र ठिक्क हुने देखिन्छ । वित्तीय व्यवस्था र पूँजीगत खर्चका लागि सार्वजनिक ऋणमै भर पर्नुपर्ने अवस्था छ । नेपालको अहिलेको सार्वजनिक ऋणको अवस्थालाई विज्ञहरु 'मुलुक धनी नहुँदै ऋणी' बनेको अवस्था मान्छन् । यसलाई व्यक्तिको जीवनसँग तुलना गर्दा ऋण तिर्न पुन: ऋण लिनुपर्ने दलदलमा फस्नु हो । अहिले मुलुकको अवस्था उस्तै बनेको छ ।

अर्थविद् तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. गोविन्द राज पोखरेल अहिले मुलुक ऋणको चक्रमा फँसेको बताउँछन् । 'ऋण त विकास गरेर पूँजी बढाउन लिने हो,' उनी भन्छन्, 'हामीले त अनुत्पादक क्षेत्रमा खर्च गरिरहेको देखिन्छ ।' यस्तै श्रृंखला दोहोरिँदा मुलुक आर्थिक रुपमा अफ्ठ्यारोमा पर्ने उनी बताउँछन् । अबको अर्थमन्त्रीले सार्वजनिक ऋणलाई उत्पादनमूलक पूर्वाधार र जनशक्तिको क्षमता अभिवृद्धिमा मात्र खर्च गर्ने योजना ल्याउनु पर्ने उनको सुझाव छ । नयाँ सरकारले अबको ५ वर्षपछि मात्र निर्वाचन हुन्छ भन्ने सोचेर कार्यकर्ता रिझाउने खालका योजना नल्याउने हो भने धेरै सुधार गर्न सक्ने उनको भनाइ छ ।

अर्का अर्थविद् तथा राष्ट्रिय योजना आयोगका निवर्तमान उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी समेत ऋण परिचालन सही र उत्पादनशील क्षेत्रमा नहुँदा समस्या बढ्दै गएको बताउँछन् । अहिले अधिकांश ठूला र राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनको अन्तिम चरणमा रहेको भन्दै उनले आगामी सरकारले यी आयोजनालाई तिव्रताका साथ सम्पन्न गर्ने हो भने 'रिटर्न' आउन थाल्ने र त्यसले अर्थतन्त्रलाई गति दिने बताउँछन् ।

जसका माध्यमबाट सरकारको राजस्व बढ्न थाल्यो भने ऋणको साँवा/ब्याज भुक्तानी आन्तरिक स्रोतबाटै गर्न सकिने उनको भनाइ छ । आन्तरिक ऋणको हकमा भने अहिले बैंकहरूमा थुप्रिएर बसेको रकमलाई सरकारले ऋणकै रुपमा परिचालन गर्नुपर्ने बाध्यता रहेको उनी बताउँछन् । बरु सार्वजनिक ऋणको हिसाब गर्दा आन्तरिक र बाह्य ऋणलाई एकै बास्केटमा राखेर हेर्न नहुने उनको तर्क छ ।

**पौने २९ खर्ब पुग्यो सार्वजनिक ऋण**

सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब २९ करोड नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको ८ महिनाको अवधिमा सरकारले ३ खर्ब भन्दा धेरै ऋण परिचालन गरेको छ । साथै डलरसँग नेपाली मुद्रा कमजोर हुँदा त्यसको भार समेत सार्वजनिक ऋणमा परेको छ । सोहीकारण असार २०८२ मा २६ खर्ब ७४ अर्ब ४ करोड रुपैयाँ रहेको सार्वजनिक ऋण ८ महिनामा २८ खर्ब ७८ अर्ब २९ करोड पुगेको हो । यस अवधिमा सरकारले ३ खर्ब ४६ करोड रुपैयाँ सार्वजनिक ऋण परिचालन गरेको छ । यस अवधिमा १ खर्ब ९४ अर्ब १४ करोड भुक्तानी समेत गरिएको छ ।

सोहीकारण खुद ऋणवृद्धि भने २ खर्ब ४ अर्ब २४ करोड रुपैयाँ बराबर भएको छ । यससँगै नेपालको सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४७.१३ प्रतिशत पुगेको छ । सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण १३ खर्ब ४८ अर्ब ११ करोड र बाह्य ऋण १५ खर्ब ३० अर्ब १८ करोड पुगेको छ । जीडीपी अनुपातमा आन्तरिक ऋण २२.०७ प्रतिशत र बाह्य ऋण २५.०६ प्रतिशत पुगेको छ । विनिमय दरका कारण सार्वजनिक ऋणमा ९७ अर्ब ९८ करोड रुपैयाँ भार थप भएको देखिएको छ । यस्तो भार बाह्य ऋणमा देखिने गर्छ ।

**कति पुग्यो सार्वजनिक ऋण ?**

आन्तरिक ऋण: १३ खर्ब ४८ अर्ब ११ करोड

बाह्य ऋण : १५ खर्ब ३० अर्ब १८ करोड

कुल : २८ खर्ब ७८ अर्ब २९ करोड

झन्डै ६ खर्ब ऋण परिचालनको लक्ष्य

सरकारले चालु आर्थिक वर्षमा कुल ५ खर्ब ९५ अर्ब रुपैयाँ बराबर सार्वजनिक ऋण परिचालनको लक्ष्य राखेको छ । जसमध्ये फागुन मसान्तसम्म ३ खर्ब ४६ करोड रुपैयाँ उठाइएको छ । जुन लक्ष्यको ५०.४४ प्रतिशत हो । यसमध्ये आन्तरिक ऋण २ खर्ब ४३ अर्ब ६६ करोड र बाह्य ऋण ५६ अर्ब ८० करोड परिचालन भएको छ ।

यस अवधिमा सरकारले उठाएको सार्वजनिक ऋणमध्ये लक्ष्यको आन्तरिक ऋण ६७.३१ प्रतिशत र बाह्य ऋण २४.३१ प्रतिशत मात्र परिचालन भएको हो । यस वर्ष सरकारले ३ खर्ब ६२ अर्ब आन्तरिक ऋण उठाउने भनेको छ । बाह्य ऋण परिचालनको लक्ष्य २ खर्ब ३३ अर्ब बराबर छ । बाह्य ऋण परिचालनले गति लिएर भन्दा पनि नेपाली मुद्रा कमजोर हुँदा सार्वजनिक ऋणमा अधिक चाप परेको तथ्यांकले देखाएको छ ।

**साँवा-ब्याज भुक्तानीमा २ खर्ब ४२ अर्ब खर्च**

फागुन मसान्तसम्म सरकारले सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा मात्र २ खर्ब ४२ अर्ब २६ करोड रुपैयाँ बराबर खर्च गरिसकेको छ । यसमध्ये आन्तरिक ऋणको साँवा भुक्तानीमा १ खर्ब ६३ अर्ब र ब्याज भुक्तानीमा ४१ अर्ब २ करोड खर्च गरेको छ । बाह्य ऋणको साँवा भुक्तानीमा ३० अर्ब ४२ करोड र ब्याज भुक्तानी ७ अर्ब ४ करोड रुपैयाँ बराबर भएको छ । यस वर्ष सरकारले सार्वजनिक ऋण सेवाका लागि मात्र ४ खर्ब ११ अर्ब रुपैयाँ विनियोजन गरेको छ । सरकारले सबैभन्दा धेरै सार्वजनिक ऋण फागुन महिनामै उठाएको छ । यस महिनामा ४४ अर्ब ८५ करोड सार्वजनिक ऋण परिचालन गरेको छ । यसअघि साउनमा ४४ अर्ब ६६ करोड र माघमा ४१ अर्ब ५ करोड रुपैयाँ सार्वजनिक ऋण परिचालन भएको थियो ।

**साढे ६ वर्षमै दोब्बर भयो सार्वजनिक ऋण**

अर्थ मन्त्रालयको तथ्यांक अनुसार पछिल्लो साढे ६ वर्षमा सार्वजनिक ऋण झण्डै दोब्बरले बढेको छ । आर्थिक वर्ष २०७६/७७ सम्म मुलुकको ऋणभार १४ खर्ब ३३ अर्ब ४० करोड रुपैयाँ मात्र थियो । त्यसयता गुणात्मक वृद्धि भएको ऋणको भार अहिले साढे २८ खर्ब नाघेको हो । साढे ६ वर्ष अगाडि कुल गार्हस्थ उत्पादन (जीडीपी)को ३८.०५ प्रतिशत मात्र रहेको सार्वजनिक ऋण अहिले बढेर ४७ प्रतिशत नजिक पुगेको हो ।

बढ्दो सार्वजनिक खर्च, घट्दै गएको वैदशिक अनुदान र अपेक्षित राजस्व परिचालन नहुनु जस्ता कारणले सार्वजनिक ऋण निरन्तर बढ्दै गएको हो । विज्ञहरूका अनुसार उत्पादनमूलक र पूँजी वृद्धि हुने आयोजना छनोट, लगानीको प्रतिफलबाट ऋण तिर्न सक्ने अवस्था रहे जीडीपी बराबर नै ऋण लिए पनि जोखिम हुँदैन । तर, नेपालमा त्यस्तो हुन सकेको छैन ।

सरकारले ऋण लिएर बनाएका धेरैजसो ठूला आयोजना अपेक्षित चल्न सकेनन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल त्यसका मुख्य उदाहरण हुन् । सरकारले ऋण नै लिएर निर्माण गरेको मेलम्ची खानेपानी आयोजना समयमै सकिएन । सम्पन्न भएपछि प्राकृतिक विपद्ले थप क्षति गऱ्यो । यसरी ऋण लिएर बनाइएका पूर्वाधार आयोजनाले अपेक्षित लाभ दिन नसकेपछि नेपालमा सार्वजनिक ऋणको सदूपयोगबारे प्रश्न भने उठिरहेको छ ।

**कसरी गर्ने सुधार ?**

अघिल्लो सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन अनुसार सार्वजनिक ऋणको संरचना मात्रा बढे अनुसार जीडीपी रराजस्व परिचालन बढ्न नसक्दा साँवा-ब्याज भुक्तानीको अनुपात बढ्दै गएको हो । सो प्रतिवेदनमा भनिएको छ, 'सार्वजनिक ऋणको सही सदुपयोग नगर्ने हो भने र प्रतिफल नहुने हो भने देश ऋणको जालोमा पर्ने सम्भावना बढ्दै जाने छ ।'

प्रतिवेदन अनुसार साँवा-ब्याज भुक्तानीको दायित्व बढ्दै जाँदा शिक्षा, स्वास्थ्य, सुरक्षाजस्ता सरकारले गर्नुपर्ने अत्यावश्यक कामका लागि बजेट अभाव हुने गरेको छ । सोही कारण सरकारी निकाय र विज्ञले ऋण परिचालन पूँजी निर्माण हुने क्षेत्रमा केन्द्रित गर्न सुझाव दिइरहेका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समेत यसमा चिन्ता जनाएको छ । आयोगले चालु आव २०८२/८३ का लागि सरकारलाई गरेको सिफारिसमा भनेको छ, 'चालु र प्रशासनिक खर्चमा कडाइसाथ निषेध गर्नुपर्छ ।'

आयोगले आयोजनाको लागत लाभ विश्लेषण, खुद वर्तमान मूल्य र आन्तरिक प्रतिफल दर विश्लेषण गरी प्रचलित पूँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजना र आर्थिक आन्तरिक प्रतिफल दर बढी भएका सामाजिक क्षेत्रमा मात्र आन्तरिक ऋण उपयोग गर्न भनेको छ ।

आयोगले उत्पादन वृद्धि, आय वृद्धि, पूर्वाधार विकास र पूँजी निर्माण हुने खालका पूर्वतयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्न भनेको छ । प्रदेश र स्थानीय सरकारले आन्तरिक ऋण उठाउने हो भने यसलाई बजेटको स्रोतका रूपमा राख्नुपर्ने समेत आयोगको सुझाव छ । सरकारले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य आन्तरिक ऋण राख्नुपर्ने समेत आयोगको सुझावमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# रिमा सांसद बन्दा प्रकाश छुटे





काठमाडौं/निर्वाचनअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन आयोगमा समानुपातिक उम्मेदवारको बन्द सूची बुझाउँदा कलाकारहरूलाई पनि उल्लेख्य रुपमा समेटेको थियो ।

त्यसमा प्रकाश सपूतदेखि रिमा विश्वकर्मासम्म परेका थिए । तर, रास्वपाले समानुपातिकतर्फ अत्याधिक मत ल्याउँदा पनि प्रकाश भने सांसद बन्न चुकेका छन् । उनी दलित क्लस्टरतर्फ दोस्रो नम्बरमा थिए ।

सोमबार निर्वाचन आयोगले सार्वजनिक गरेको समानुपातिक तर्फका निर्वाचित सांसदहरूको सूचीमा प्रकाश परेका छैनन् । पार्टीले नै उनको नाम नराखी आइतबार आयोगमा समानुपातिक सांसदहरूको सूची बुझाएको थियो । उनी सांसद बन्नबाट बञ्चित हुनुमा संवैधानिक व्यवस्था बाधक बनेको देखिन्छ । किनकि, संसद्मा प्रतिनिधित्व गर्ने हरेक दलबाट ३३ प्रतिशत महिला सदस्य हुनुपर्छ ।

सोही व्यवस्थाअनुसार रास्वपाले समानुपातिक सूचीबाट ४८ जना महिलालाई सांसद बनाउँदा पुरुष भने ९ जना मात्र परे । त्यसमा पनि विभिन्न क्लस्टरबाट पुरुषलाई समेट्नुपर्ने भएपछि दोस्रो नम्बरमा रहेका प्रकाश सांसद बन्नबाट चुकेका हुन् । उनीसँगै दलित क्लस्टरतर्फ पहिलो नम्बरमा रहेका 'चकलेट' फिल्मका अभिनेता डा. रूपक विश्वकर्मा घिमिरे पनि सांसद बन्न पाएनन् ।

प्रकाश र रूपक समानुपातिक सांसदको रुपमा छनोट नभए पनि रास्वपाबाट अभिनेत्री तथा उद्घोषिका रिमा विश्वकर्मा भने सांसद बनेकी छन् । आयोगले सार्वजनिक गरेको सूचीमा उनको नाम ३५ औं नम्बरमा छ । उनी समानुपातिक सांसदको रुपमा निर्वाचन भएसँगै फिल्मकर्मीहरूलाई उनलाई सामाजिक सञ्जालमार्फत बधाई दिइरहेका छन् ।

# 'हामी तीन भाइ'को ट्रेलरमा अंशबन्डाको झगडा

काठमाडौं/राम नवमीको अवसर पारेर चैत १३ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'हामी तीन भाइ'को ट्रेलर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक झण्डै चार मिनेट लम्बाइको ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे संक्षिप्त झलक प्रस्तुत गरेको छ । विवाहपछि दाजुभाइबीच पैतृक सम्पत्ति (जग्गा)को भागबन्डालाई लिएर हुने मनमुटावलाई ट्रेलरमा देखाइएको छ ।



मधुसुदन भट्टराईको निर्देशनमा तयार भएको यस फिल्ममा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत, फलित राई, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा, विकास चापागाईं, सुष्मा निरौला, यादव देवकोटा, अन्जु हमाल, तारा शर्मा, पवन केसी, विरेन श्रेष्ठ लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ ।

यो फिल्मका प्रस्तुतकर्ता साजित महत हुन् भने त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ निर्मातामा छन् । विक्रम तामाङ कार्यकारी निर्माता हुन् । सह-निर्मातामा भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल र दुर्गालक्ष्मी पाण्डे रहेका छन् । फिल्ममा शिवम् अधिकारीको लेखन, शिव ढकालको छायांकन, बनिष शाहको सम्पादन, कमल राईको नृत्य निर्देशन तथा साप शक्ति र बाबुल गिरीको संगीत रहेको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मिति: २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

**राष्ट्रिय तेक्वान्दो प्रतियोगिता**
२०८२ चैत्र ११, १२ र १३ गते

**खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता**
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

**जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता**
२०८२ फागुन २९ गते

**जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता**
२०८२ फागुन २९, ३० गते

**जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता**
२०८२ चैत्र १, २ र ३ गते

**जिल्ला स्तरीय कराते प्रतियोगिता**
२०८२ चैत्र ९ र १० गते



# पुन:सञ्चालनको पर्खाइमा हेटौंडा-काठमाडौं रोपवे

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/हेटौंडा-काठमाडौं रज्जुमार्ग (रोपवे) अहिले आफ्नै अस्तित्व संरक्षणको चुनौतीमा रुमलिएको छ । विगत २६ वर्षदेखि बन्दभई अहिले अस्थिपञ्जरमा परिणत भइसकेको यो रोपवे नेपालको पहिलो आधुनिक ढुवानी माध्यम थियो, जसले ढुवानी समय र खर्च निकै कम गरेको थियो ।

कुनैबेला रोपवे तराईबाट हेटौंडा हुँदै काठमाडौंसम्म मालसमान ढुवानीको भरपर्दो साधनकारुपमा रहेको थियो । मुलुकको यातायात तथा ढुवानी साधनको इतिहाससँग जोडिएको यो रोपवे पुन: सञ्चालनका लागि अहिले न संघीय सरकारले कुनै चासो देखाएको छ न प्रदेश सरकारले । यो रोपवे २०५६ सालदेखि पूर्णरुपमा बन्द छ । यो रोपवे पुन: सञ्चालनका लागि विगतमा बागमती प्रदेश सरकारले केही पहल गरेपनि त्यसले सार्थकता पाउन सकेन । बागमती प्रदेश सरकारका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले तत्कालीन प्रदेश सरकारले रोपवे पुन:सञ्चालनका लागि प्रयास गरेपनि सफल हुन नसकेको स्वीकार गरेका छन् ।



पौडेलले भने, 'यो रोपवे पुन:सञ्चालनका लागि प्रदेश सरकारले अध्ययन गराएको थियो । अध्ययनले रोपवेका खम्बा र तार लगायत सामग्री पुन:प्रयोग गर्न नसक्ने अवस्थामा पुगिसकेको देखाएको थियो । पुन:सञ्चालनका लागि रोपवेका स्टेसन र खम्बा रहेका सार्वजनिक ठाउँबाहेक अरु केही पनि बाँकी नरहेको देखाएको थियो । हामी सरकारबाट हटेपछि रोपवे पुन:सञ्चालनको प्रयास भएको देखिँदैन ।' मालसामान ढुवानीका साथै रोपवेमार्फत् हेटौंडादेखि काठमाडौंसम्म आवतजावत गर्न मिल्ने गरी पुन:सञ्चालनका लागि अध्ययन गरिएको पूर्वमुख्यमन्त्री पौडेलले बताए ।

मालसमानको ढुवानी गर्ने साधन तथा पर्यटकीय दृष्टिकोणले समेत यो रोपवे सञ्चालनमा ल्याउनुपर्ने स्पष्ट पार्दै उनले भने, 'रोपवेलाई पूर्णक्षमतामा काठमाडौंसम्म सञ्चालन गर्ने साथै यो क्षेत्रमा रहेका पर्यटकीय टापुमा स्टेसन बनाउने र त्यहाँसम्म पर्यटन पुऱ्याउने उद्देश्य सहित अध्ययन गरिएको थियो ।' मुलुकको इतिहाससँग जोडिएको र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको यो रोपवे पुन:सञ्चालनका लागि संघीय वा प्रदेश सरकारबाट इमानदार प्रयास हुनुपर्ने बताउँदै उनले रोपवे पुन:सञ्चालनमा आएको खण्डमा अहिले मुलुकले पेट्रोलियम पदार्थ र बर्खायाममा बाढीपहिरोको समस्या भोग्दै आएको अवस्थामा ठुलो राहत हुने बताए ।

बागमती प्रदेश सरकारको २०७६ माघ १३ गते बसेको मन्त्री परिषद्को बैठकले रोपवे पुन:सञ्चालनमा ल्याउने निर्णय गरेको थियो भने प्रदेश सरकारले रोपवे पुन:सञ्चालनमा ल्याउने शीर्षकमा आर्थिक वर्ष २०७७/७८ मा बजेट समेत विनियोजन गरेको थियो । प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव बासुदेव दाहालले रोपवे पुन:सञ्चालनमा ल्याउनका लागि विगत ३ आर्थिक वर्षदेखि प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा कुनै कार्यक्रम वा बजेट विनियोजन नगरिएको जानकारी दिए ।

विगतमा प्रदेश सरकारले नीतिगत र आर्थिकरुपमा नै प्रयास गरेपनि सफल हुन नसकेको उनले स्पष्ट पारे । सडक पूर्वाधारविज्ञ ई.राजेन्द्र शर्माले मुलुकमा वार्षिक करिब आठ हजार सडक दुर्घटना भइरहेको अहिलेको अवस्थामा सडक विकासका लागि डाँडा र वनजंगल विनाश गरी वातावरणीय असन्तुलन निम्त्याउनुको सट्टा रोपवे र केबुलकारको विकास र सञ्चालन उत्तम हुने र त्यसका लागि तीन तहका सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने बताए ।

**निजीकरणको असफल प्रयास**

रोपवेलाई निजीकरण गर्ने प्रयास भएपनि सफल हुन सकेन । अर्थ मन्त्रालयले २०६१ सालमा मूल्यांकनकर्ता नै नियुक्त गरी निजीकरणको प्रयास गरेको थियो । २०६२ सालमा रोपवे सञ्चालन गर्न अर्थ मन्त्रालयले आशयपत्र मागेपछि तीनवटा कम्पनीले प्रस्ताव पेस गरेपनि कुनै निर्णय हुन सकेन ।

पहिलो पञ्चवर्षीय योजना (२०१३-१८) अन्तर्गत एसियाकै पुरानो यो रोपवे निर्माण गरिएको थियो । हेटौंडादेखि काठमाडौंसम्म कुल लम्बाइ ४२.२ किलोमिटर रहेको यो रोपवे २०५६ सालमा बिग्रिँदा चार लाख रुपैयाँको अभावमा मर्मतसम्भार हुन नसक्दा बन्द भएको बताइएको छ । मकवानपुरको भैँसेस्थित सबस्टेसनमा रहेको ट्रान्सफर्मर बिग्रिँदा मर्मतसम्भार गर्न चार लाख रुपैयाँ चाहिएको थियो । त्यसपछि तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवा नेतृत्वको सरकारले २०५९ सालमा यसलाई खारेज गर्ने निर्णय गरेको थियो । अमेरिकी सरकारको २९ करोड रुपैयाँ अनुदान सहयोगमा २०१६ देखि २०२० सालसम्म 'नेपाल रोपवे' निर्माण गरी त्यसै वर्षदेखि सञ्चालनमा ल्याइएको थियो ।

अमेरिकाको रिब्लेट ट्रामवे कम्पनीले यो निर्माण गरेको थियो । ३६० वटा डब्बा रहेको यो रोपवे दैनिक १० घण्टा सञ्चालनमा २२० टन मालसामान हेटौंडादेखि काठमाडौंसम्म ओसाऱ्थ्यो । तत्कालीन समयमा नै यो रोपवेले करिब एक हजार जनालाई प्रत्यक्ष रोजगारी दिएको थियो । हेटौंडादेखि काठमाडौंसम्म सामान पुऱ्याउन चारघण्टा समय लाग्दथ्यो । त्यसबेला प्रतिकिलो पाँच पैसाको दरमा ढुवानी गरिन्थ्यो ।

# मकवानपुरमा वन डढेलो घट्दै



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ मकवानपुरमा वन डढेलो नियन्त्रणका लागि गरिएको पूर्वतयारी, सचेतना र सामुदायिक वन उपभोक्ता समूहको सक्रियताका कारण पछिल्ला वर्षमा वन डढेलोको घटनामा उल्लेखनीय कमी आएको पाइएको छ ।

डिभिजन वन कार्यालय मकवानपुरकाअनुसार सन् २०१३ मा १२ हजार २२१ हेक्टर वनक्षेत्रमा डढेलो लागेको थियो । त्यसपछि क्रमश: न्यूनीकरण हुँदै सन् २०२१ मा ६ हजार ९७९ हेक्टरमा झरेको थियो । गत आर्थिक वर्षमा भने जम्मा ५७४ हेक्टर वनक्षेत्रमा मात्रै डढेलो लागेको तथ्यांक कार्यालयले सार्वजनिक गरेको छ । डिभिजनल वनअधिकृत राकेशप्रसाद चन्द्रवंशीका अनुसार पछिल्लो समय डढेलो लाग्ने मौसम सुरु हुनासाथ पूर्वतयारी, जनचेतना कार्यक्रम र सामुदायिक वन उपभोक्ता समूहको सक्रिय सहभागिताले डढेलो नियन्त्रणमा सकारात्मक प्रभाव परेको छ ।

उनकाअनुसार विशेषगरी चैत १५ गतेदेखि वैशाख १५ गतेसम्म वन डढेलो लाग्ने सम्भावना बढी रहने गर्दछ । गर्मी बढ्दै जाँदा जोखिम पनि बढ्ने भएकाले डढेलो न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको उनले बताए । सन् २००० देखि २०२५ सम्मको २५ वर्षको तथ्यांकअनुसार जिल्लाको पूर्वीक्षेत्र बकैया र बागमती गाउँपालिकामा वन डढेलो बढी लाग्ने गरेको देखिएको छ । बकैयाको वडा नम्बर १, २ र ७ तथा बागमतीको वडा नम्बर ३, ४ र ६ मा विगत २५ वर्षदेखि नियमितरुपमा डढेलो लाग्ने गरेको डिभिजन वन कार्यालयले जनाएको छ ।

चुरेक्षेत्र, कमबस्ती भएका स्थान तथा मानवीयचेतनाको कमीका कारण पनि वन डढेलो लाग्ने गरेको कार्यालयको भनाइ छ । डढेलो न्यूनीकरणका लागि वनक्षेत्रमा नयाँ अग्निरेखा निर्माण, पुराना अग्निरेखाको मर्मत, वनक्षेत्र भएर जाने सडक तथा बाटो सरसफाइ, पत्कर हटाउने लगायत कार्य भइरहेको डिभिजन वन कार्यालय मकवानपुरका फोकल पर्सन हेमकुमार पाठकले जानकारी दिए । गत आर्थिक वर्षमा १५६ किलोमिटर अग्निनियन्त्रण रेखा (फायर लाइन) निर्माण गरिएको थियो । साथै चार महिनाका लागि डढेलो नियन्त्रण दस्तामा दुईसय जनाले रोजगारी पाएका थिए ।

चालु आर्थिक वर्षमा भने दुई सय किलोमिटरभन्दा बढी अग्निरेखा निर्माण गर्ने तयारी गरिएको कार्यालयले जनाएको छ । वन डढेलो नियन्त्रणका लागि जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा स्थानीय तहसँग समन्वय गरी सशक्त प्रतिक्रिया टोली (फायर रेस्पोन्स टिम) गठन गर्ने तयारी भइरहेको डिभिजनल वनअधिकृत चन्द्रवंशीले बताए । 'वन डढेलो नियन्त्रणमा प्रभावकारिता: तीनै तहका सरकार र समुदायको सहभागिता' भन्ने मूलनाराका साथ चैत १ गतेदेखि ७ गतेसम्म वन डढेलो व्यवस्थापन सप्ताह-२०८२ मनाउन सुरु गरिएको छ ।

सप्ताहअन्तर्गत मकवानपुर गढी, हर्नामाडी, भीमफेदी, छतिवन, बकैया, फापरवारी, राईगाउँ र हेटौंडामा वन क्षेत्रबाट ज्वलनशील वस्तु हटाउने, अग्निरेखा निर्माण, सरसफाइ तथा पत्कर पन्छाउने कार्यक्रम सञ्चालन गरिने फोकल पर्सन पाठकले बताए । डिभिजन वन कार्यालय मकवानपुरअन्तर्गत करिब ७० हजार हेक्टर वनक्षेत्र रहेको छ । यसक्षेत्रमा २११ सामुदायिक वन उपभोक्ता समूह तथा ८ वटा सबडिभिजन कार्यालय सञ्चालनमा रहेका छन् ।

# बागमती प्रदेश लोकसेवा आयोगमा घिमिरे नियुक्त



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ बागमती प्रदेश लोकसेवा आयोगको रिक्तपदमा काठमाडौं-१० नयाँबानेश्वर निवासी पुनम घिमिरे नियुक्त भएकी छन् ।

सोमबार बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले उनलाई नियुक्त गरेका हुन् । बागमती प्रदेश लोकसेवा आयोगका अध्यक्ष महेश्वर श्रेष्ठले एक कार्यक्रमकाबीच प्रदेशप्रमुखको कार्यालयमा घिमिरेलाई पद तथा गोपनीयताको शपथ खुवाएका छन् ।

शपथ कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, स्वास्थ्य मन्त्री किरण थापामगर, श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापालगायतको उपस्थिति रहेको थियो ।

# जिल्लास्तरीय भलिबलमा सेमिफाइनल पुग्ने टोलीको टुंगो लाग्यो

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ हेटौंडाको टिसिएनचौरमा सञ्चालन भैरहेको खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा जारी जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ ।

सोमबार भएको क्वाटर फाइनल खेलबाट जित निकाल्दै ४ वटा टोलीले सेमिफाइनलमा स्थान पक्का गरेका हुन् । क्वाटरफाइनलमा जित निकाल्दै थाहा नगरपालिकाको मंगलेश्वर युवा क्लव, बज्रबाराहीको नवप्रतिभा क्लव, मनहरी गाउँपालिका र छहारी युवा क्लव हेटौंडा-११ ले अन्तिम चारमा स्थान बनाएका छन् । मंगलेश्वर क्लवले मिलन युवा क्लवलाई २५-२० र २५-१४ को सोझो सेटमा हराएको छ । दोस्रो खेलमा नवप्रतिभाले बागमती गाउँपालिकालाई २५-१९ र २५-१८ को सोझो सेटमा पराजित गरेको हो ।



सोमबार भएको अर्को खेलमा मनहरी गाउँपालिकाले सफल केयर हेटौंडा-१५ लाई २५-१२ र २५-२२ को सोझो सेटमा हराएको हो । अन्तिम खेलमा छहारी युवा क्लवले पशुपति युवा क्लव हेटौंडा-९ लाई २५-१४ र २५-१८ को सोझो सेटमा पाखा लगाएको हो । फाइनल प्रवेशका लागि मंगलेश्वर र नवप्रतिभा क्लव तथा मनहरी गाउँपालिका र छहारी युवा क्लवको बीचमा खेल हुनेछ । सेमिफाइनल मंगलबार बिहान र फाइनल दिउँसो १ बजेबाट हुने आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिताको विजेता टिमले एकलाख र उपविजेता टिमले ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सेमिफाइनलमा पराजित हुने दुई टिमले समान नगद १५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# इनिसा विक घटनाको निष्पक्ष छानबीन गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/सुर्खेतको वीरेन्द्रनगरकी १६ वर्षीया इनिसा विकको बलात्कारपछि हत्या भएको घटनाको निष्पक्ष छानबीन गरी दोषीलाई कडा कारबाही गर्न माग गर्दै विद्यार्थीले मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन् ।

मकवानपुर बहुमुखी क्याम्पसमा आबद्ध संयुक्त विद्यार्थी संगठनले जिल्ला प्रशासन कार्यालय मकवानपुर पुगेर प्रजिअ अधिकारीलाई ज्ञापनपत्र बुझाएका हुन् । उनीहरुले घटनाको सत्यतथ्य छानबीन गरी दोषीलाई कडाभन्दा कडा कारबाही गर्न सरकारसँग माग गरेका छन् । ज्ञापनपत्रमार्फत् विद्यार्थी संगठनले सुर्खेतको वीरेन्द्रनगरकी १६ वर्षीया इनिसा विकमाथि भएको अमानवीय घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।



संयुक्तरुपमा बुझाइएको ज्ञापनपत्रमा नेपाल विद्यार्थी संघ मकवानपुर क्याम्पस अध्यक्ष सागर घिमिरे, अनेरास्ववियुका अध्यक्ष प्रसिद्ध रेग्मी तथा अखिल क्रान्तिकारीका सचिव प्रकाश मिजारको हस्ताक्षर रहेको छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना